# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल


सूचना प्रकाशित मितिः २०७८/१२/१०

## सूचना। सूचना।। सूचना।।।

सामाजिक विकास मन्त्रालय वागमती प्रदेशको आ.व. ०७९/०८० कार्यक्रम अन्तर्गत बाबुआमा गुमाएका (१८ वर्ष मुनिका) बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गर्न सामाजिक संरक्षण भत्ताको व्यवस्था गरिने भएको हुदा बाबुआमा दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेका बालबालिकाको विवरण भरि तपसिल बमोजिमका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी),

२) बाबुआमा दुवैको मृत्युदर्ताको प्रमाण पत्रको प्रतिलिपी वा बाबु आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चितमा परेको प्रमाणित कागजात,

३) विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र),

४) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

५) सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र,

निशान्तराज गौतम
प्रमुख प्रशासकिय अधिकृत